# कणकणमा

कपिल अधिकारी

कोण कोण मा भेटेर पनि
कण कण मा छोएर पनि
खोजि रहेछु सोधि रहेछु

आफ्नै राग ले छोपिएर लत्याँए
अस्तित्व किल्चिएर सँधै  होच्यायँ
सारा सपना झरे पछि
नशा ले छाडि हिंडे पछि
सोचें तिमीलाइ रोजें तिमीलाइ

लरखराइ रहेछु  बज्रिएर
चट्पटाइ रहेछु पिल्सिएर
असफलताले  छोपे पछि
भौंतारि रहे छु तापले

तिमी नै किनारा फेरि बुझे पछि
तिमी मा पुग्न घस्रि रहेछु
फेरि खोजि रहेछु सोधि रहेछु

आँफै भित्र तिमीलाइ राखेर पनि
टाढा टाढाछु
तिमी मा बिलाउन खोजेर पनि
परया परया छु

–ताइपे,ताइवान
**Jan 22,2004**